# संघीय संसद
# प्रतिनिधि सभा

पहिलो अधिवेशन

बैठक संख्या - ९

## दैनिक कार्यसूची

२०७४ चैत १६ गते

**शुक्रबार**

दिनको १:०० बजे

### टेबुल गरिने

१. सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीले सम्वत् २०७४ चैत १५ गते सम्माननीय राष्ट्रपतिद्वारा संघीय संसदको पहिलो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई गरिएको सम्बोधनको प्रति टेबुल गर्नुहुने ।

### धन्यवाद प्रस्ताव

२. मा० श्री खगराज अधिकारीले निम्नलिखित धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुहुने :-

*“सम्माननीय राष्ट्रपतिद्वारा संघीय संसदको पहिलो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०७४ चैत १५ गते बिहिबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।”*

उक्त प्रस्तावको मा० श्री देवप्रसाद गुरुङले समर्थन गर्नुहुने ।

### मन्त्रीको वक्तव्य

३. मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले देशको वर्तमान आर्थिक स्थितिको सम्बन्धमा जानकारी गराउनु हुने ।

### अध्यादेश प्रस्तुत

४. मा० गृह मन्त्री श्री रामबहादुर थापाले “राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४” प्रस्तुत गर्नुहुने ।

५. मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले “राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७४” प्रस्तुत गर्नुहुने ।

### अध्यादेश स्वीकृत

६. मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेरबहादुर तामाङ्गले “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) अध्यादेश, २०७४ लाई स्वीकृत गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव